नेपाल सरकार
राष्ट्रिय चिया तथा कफी विकास बोर्ड
(राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ अन्तर्गत स्थापित)
केन्द्रीय कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं.:
च.नं.:

# सूचि दर्ता गर्ने सम्बन्धमा सूचना

प्रकाशित मितिः २०८१/०४/१७

आर्थिक वर्ष २०८१।८२ मा तपसिलमा उल्लेखित सामाग्री तथा सेवाहरू आपूर्ति उपलब्ध गर्ने प्रयोजनको लागि सम्बन्धित सेवा आपूर्ति गर्न स्वीकृत प्राप्त गरेका इच्छुक रजिष्टर्ड फर्म/कम्पनी, निर्माण व्यवसायी तथा सेवा प्रदायकहरूको छुट्टाछुट्टै सूची तयार गर्नु पर्ने भएकोले आफूले आपूर्ति उपलब्ध गराउने सेवाहरूको विवरण, फर्म/कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, मूल्य अधिबृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आर्थिक वर्ष को कर चुक्ता प्रमाणपत्रको निवेदन समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा यस बोर्डको केन्द्रिय कार्यालय, कीर्तिपुरमा दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## तपसिल

### समूह क

- मसलन्द तथा स्टेशनरीका सामाग्रीहरू आपूर्ति सम्बन्धि।
- छपाई सम्बन्धी कार्यहरू (किताब प्रकाशन, फ्लेक्स प्रिन्ट, साइनबोर्ड, साइनेज, नेमप्लेट, भिजिटिङ कार्ड, ब्रोसर आदि)
- जारको पिउने पानी आपूर्ती सम्बन्धि ।
- हवाई टिकट, कुरियर सेवा तथा ट्राभल्स एजेन्सी सम्बन्धि ।
- विज्ञापन तथा सूचना प्रकाशन गर्ने सम्वन्धि ।
- सरसफाई सेवा सामाग्री सम्बन्धि ।
- प्लम्बीङ्ग सेवा सम्बन्धि ।
- चिया/कफी आपूर्ति सम्वन्धि ।
- झोला तथा टि सर्ट आपूर्ति सम्वन्धि ।

### समूह ख

- कम्प्यूटर, ल्यापटप, प्रिन्टर, इलेक्ट्रोनिक सामान, अफिस उपकरणमा प्रयोग हुने मसी, टोनर, कार्टेज तथा माउस,किबोर्ड, पेनड्राइभ, मल्टिप्लग जस्ता कार्यालय उपकरणहरूको आपूर्ति सम्बन्धी कार्यहरू ।
- कम्प्यूटर,प्रिन्टर, युपिएस, व्याट्री, एसी तथा अन्य इलेक्ट्रोनिक्स सामाग्रीहरूको मर्मत सम्भार गर्ने कार्यहरू ।
- मेटल तथा काठका फर्निचर, फ्लोरिङ/फर्निसिङ्गका सामाग्रीहरूको आपूर्ति तथा मर्मतसम्भार सम्बन्धी कार्यहरू ।
- सानोतिनो भौतिक निर्माण, DPR सम्वन्धि कार्य ।
- सवारी साधन(एकपाङ्ग्रे) वर्कसप तथा पार्टपुर्जा सम्बन्धी ।

फोन नं.: ०१-५९०७१०४, ५९०७१०८, ५९०७१०९, ५९०७१२०
इमेल: info@ntcdb.gov.np, वेभसाइट: www.teacoffee.gov.np

प.स.:
च.नं.:

- सवारी साधन (मोटरसाइकल) आपूर्ति तथा वर्कसप, पाटपुर्जा सम्बन्धी।

समूह ग

- सफ्टवेयर विकास तथा मर्मत सम्बन्धी परामर्श सेवा।
- अध्ययन, अनुसन्धान र परामर्श सम्बन्धि सेवाहरू।
- Internet service provider, website, telephone, ICT सम्बन्धी वस्तु सेवा।
- ग्राफिक डिजाइन, फोटोग्राफी, सिनेमाटोग्राफी, थ्री डी डिजाइन, टि सर्ट प्रिन्टिङ, ब्याग प्रिन्टिङ आदि।

पुनश्चः

- म्याद नाघी पेश भएको, आवश्यक प्रमाणपत्रको प्रतिलिपि संलग्न नभएको वा रीत नपुगेको कागजात उपर कुनै कार्वाही हुनेछैन।
- आवेदक मध्येबाट ग्राह्य ठहरिएको फर्म/कम्पनीहरूलाई मात्र सूचिकृत गरिने छ। त्यसरी सूचिकरण गर्दा पेश हुन आएको विवरण, क्षमता, अनुभव ताथा दक्षतालाई आधार मानी गरिने छ।
- सूचिकृत भएका फर्म /कम्पनीहरूबात वोर्डको आवश्यकता अनुसारको सामान खरिद गर्न तथा सेवा प्राप्त गर्न सो काममा सिलबन्दी कोटेशन वा बोलकबोल द्वारा भाग लिन अनुरोध गरिने छ।
- सूचिकृत भएका कम्पनी तथा फर्महरूले सन्तोषजनक सेवा तथा समयमा सामान सप्लाई नगरेको खण्डमा सूचीबाट विना सूचना नाम हटाउन सकिनेछ। यसउपर कुनै दावी विरोध गर्न पाइनेछैन।
- यस सम्बन्धी थप जानकारि आवश्यक परेमा बोर्डको प्रशासन शाखा, किर्तिपुर, काठ्माण्डौंमा सम्पर्क गरी जनकारी प्राप्त गर्न सकिने छ।
- सूचीकरण गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बोर्डमा निहित रहने छ।

**राष्ट्रिय चिया तथा कफी विकास वोर्ड**
**केन्द्रीय कार्यालय, कीर्तिपुर, काठमाण्डौ**
**इमेल:- admin@ntcdb.gov.np**